# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ फागुन १३ गते

**महिला तथा बालबालिकामाथि हुने हिंसा अत्यका लागि विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन हुनुपर्ने**

महिला तथा बालबालिकामाथि हुने हिंसा अन्त्य गर्ने दिशामा कार्यरत निकायका पदाधिकारीहरूले महिला तथा बालबालिकामाथि हुने हिंसा अन्त्यका लागि विद्यमान कानुनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने, त्यसलाई समयानुकूल परिमार्जन गर्नुपर्ने तथा नयाँ कानुन बनाउनुपर्ने आवश्यकता औंल्याउनुभएको छ ।

हालैका दिनमा महिला तथा बालिकामाथि हिंसात्मक घटना भएको पृष्ठभूमिमा राष्ट्रिय मानव अधिकार आयोगले बुधबार आयोजना गरेको छलफल कार्यक्रमका सहभागीहरूले यस्तो आवश्यकता औंल्याउनुभएको हो । उहाँहरूले अब एसिडसम्बन्धी ऐन ल्याउनुपर्ने अवस्था आइसकेको पनि बताउनुभयो ।

छलफल कार्यक्रममा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव धनबहादुर तामाङ, सोही मन्त्रालयका सहसचिव राधिका अर्याल, गृह मन्त्रालयका प्रवक्ता लक्ष्मीप्रसाद ढकाल, प्रहरी नायव महानिरीक्षक मिङमार लामालगायतका व्यक्तित्वहरू उपस्थित हुनुहुन्थ्यो ।

सो अवसरमा आयोगका अध्यक्ष अनुपराज शर्मा तथा अन्य पदाधिकारीले सरोकारवाला निकायहरूले महिला तथा बालबालिकामाथि हुने हिंसा अन्त्य गर्ने दिशामा सम्पादन गरेका कामकारबाहीबारे जिज्ञासा राख्नुभएको थियो ।

छलफलमा देहाय बमोजिमका निर्णयहरू पनि गरिएका छन् :

१. महिला हिंसासम्बन्धी कानुन तथा राहत वितरण निर्देशिकालाई तत्कालै समयानुकूल परिमर्जन गर्नुपर्ने आवश्यकता महसूस गरियो । यसका लागि नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयमा लेखिपठाउने ।

२. हिंसामा परेका महिला तथा बालाबालिकालाई तत्काल उद्दार गर्ने एवम् घटनाबारे अनुसन्धान तथा अभियोजन गरी राहत, परिपूरण, क्षतिपूर्ति आदि उपलब्ध गराउन सक्रिय रहने ।

३. जिल्ला राहत समितिहरूलाई अझ बढी सक्रिय बनाउने ।

......................

मोहना अन्सारी

प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org